जहाँ छ मेरो जन्मभूमि त्यहाँ शान्त शीतल जलमग्नमा छन् भक्तवत्सल महेश्वर । म जन्मिए हुर्किएँ यस्तो पावन पुण्यभूमिमा नाम हो यसको जलेश्वर ॥-कवि पवेन्द्र मानश्रेष्ठ

समाज, विकास, लोकतन्त्र र विधिको शासन प्रति समर्पित राष्ट्रिय दैनिक

जि.प्र.का. महोत्तरी द.नं. ४३/०७०/७१
जि. महोत्तरी हु.द.नं. ४/०८०/८१

सबै क्षेत्रको प्रवर्द्धनको गुरु

www.jaleshwortoday.com

# जलेश्वर टुडे

Jaleshwor Today National Daily

एक कदम अगाडि

बर्ष १२ • अंक २९९ • २०८२ भदौं २ गते सोमवार • 18 Aug. 2025 • पृष्ठ ४ • मुल्य रु.५/-

विज्ञापनको लागि सम्पर्क
: ९८४४०२७९७१
Whats App No:-
९८२४८७७६२७
Gmail :-
Jaleshwortoday
@gmail.com

# साउनमा धान रोपाइँको दरमा उल्लेख्य वृद्धि भएको दाबी

**जलेश्वरटुडे समाचारदाता**
**धनुषा, १ भदौं**

धनुषाको मिथिला नगरपालिका-३, हरिहरपुरका किसान मनोज महतोले साउनको अन्त्यतिर बल्लतल्ल आफ्नो एक बिघा खेतमा धान रोपाइँ सिध्याउनुभएको छ । अघिल्लो वर्ष असार महिनाभित्रै धान रोपेर सिध्याए पनि यस वर्ष ढिलो गरी आकासे पानी परेकाले रोपाइँ ढिलो भयो । महतोका अनुसार समयमा पर्याप्त वर्षा नहुँदा र सिँचाइको सुविधा नपाउँदा रोपाइँ ढिलो भएको हो । उहाँले भन्नुभयो, “साउनको दोस्रो सातासम्म एक बिघा खेतमध्ये भूमिगत पानीको सहायताले पाँच/छ कट्ठा जमिनमा रोपाइँ भएको थियो । त्यसपछि निरन्तर वर्षा भएपछि मात्रै रोपाइँले गति लिएको हो । यदि सिँचाइको सुविधा उपलब्ध भएको भए असारभित्रै रोपाइँ सकिन्थ्यो ।”



गणेशमान चारनाथ नगरपालिका-९, बरमझियाका किसान रामपुकार यादवले लामो खडेरीपछि साउन तेस्रो सातादेखि खेत हिल्याउने वर्षा भए पनि बिउको अभावले रोपाइँ प्रभावित भएको बताउनुभयो । यसपालि खडेरीले ब्याडमै बिउ सुकेकाले रोपाइँका बेला बिउको अभाव भएको उहाँको भनाइ छ । किसान यादवले एक दुई जना किसानको मात्र समस्या नभएर समग्र मधेश प्रदेशको अवस्था यस्तै भएको बताउनुभयो । यहाँ असारको सुरुवातदेखि वर्षा हुन छोडेपछि भूमिगत पानीको प्रयोग गरेर जेनतेन रोपिसकेको रोपो सुक्न थालेको थियो । रोप्न तयारी अवस्थामा राखिएका धानका बिउ (बेर्ना) समेत सुक्न थालेका थियो । पछिल्लो वर्षाले किसानलाई ठुलो राहत पुगेको हो । यस प्रदेशमा अधिकांश किसान आकासे पानीको भरमा धान रोपाइँ गर्न बाध्य छन् । कृषि विकास निर्देशनालय मधेश प्रदेशका बाली संरक्षण अधिकृत सुदीप चौधरीले साउनमा रोपाइँको दरमा उल्लेख्य वृद्धि भएको दाबी गर्नुभयो । निर्देशनालयको तथ्याङ्क अनुसार मधेशमा करिब ८६.३५ प्रतिशत धान रोपाइँ भएको छ । तथ्याङ्क अनुसार मधेश प्रदेशमा कुल पाँच लाख ४२ हजार ५८० हेक्टर खेतीयोग्य जमिन छ, जसमध्ये तीन लाख ७२ हजार ६४५ हेक्टर जमिनमा धान रोपाइँ हुने जमिन छ । त्यसमध्ये साउन मसान्तसम्ममा तीन लाख १९ हजार ६२६ हेक्टर जमिनमा धान रोपाइँ भएको छ । सबैभन्दा बढी रोपाइँ पर्सा र बारामा ९८ प्रतिशत भएको छ भने सबैभन्दा कम सप्तरीमा ७५ प्रतिशत भएको छ ।

रौतहटमा ९० प्रतिशत, सर्लाहीमा ९०.३८ प्रतिशत, महोत्तरीमा ७५.३४ प्रतिशत सिरहामा ८८.१७ प्रतिशत र धनुषामा ८२ प्रतिशत रोपाइँ भएको तथ्याङ्कले देखाएको छ । बाली संरक्षण अधिकृत चौधरीका अनुसार नहर, कुलोपैनी, स्यालो ट्युबवेल, डिप बोरिङ र छिटफुट वर्षाले साउन तेस्रो सातासम्म ५७.२७ प्रतिशत हेक्टर क्षेत्रफलमा मात्र धान रोपाइँ भएको थियो । त्यसपछि निरन्तरको वर्षाले धान रोपाइँमा वृद्धि भएको हो । यस्तै भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयका सचिव डा. उमेश दाहालले प्रदेशमा गत वर्षको तुलनामा १० प्रतिशत धान रोपाइँ कम भएको बताउनुभयो । गत वर्ष यस अवधिसम्म ९५ प्रतिशत धान रोपाइँ भएको बताउँदै उहाँले समग्रमा यस वर्ष करिब २० प्रतिशत धान उत्पादन घट्ने अनुमान गरिएको जानकारी दिनुभयो । उहाँले भन्नुभयो, “धान रोपाइँको मुख्य समय असार महिना हो । यस अवधिमा रोपिएको धानको उत्पादन राम्रो हुन्छ ।

साउनमा रोपिएको धानको उत्पादन कम हुन्छ ।” जल सङ्कट टार्न सरकार सक्रियः अन्न भण्डारका रूपमा परिचित मधेश प्रदेशमा लामो खडेरीका कारण जल सङ्कट उत्पन्न भएको थियो । सोही कारण मधेश सरकारले मधेश प्रदेशलाई सुक्खाग्रस्त र सङ्घीय सरकारले तीन महिनाका लागि सङ्कटग्रस्त क्षेत्र घोषणा गरेको थियो । सङ्घ सरकारले सिँचाइ तथा खानेपानी समस्याको समाधानका लागि मधेश प्रदेशमा तत्काल पाँच सय डिप बोरिङ गाड्ने योजना अघि सारेको छ । त्यस्तै प्रदेश सरकारले एक हजार चार वटा स्यालो ट्युबवेल गाड्ने योजना अघि बढाएको छ ।

यसैबिच मधेश प्रदेशका मुख्यमन्त्री सतीशकुमार सिंह, ऊर्जा, सिँचाइ तथा खानेपानीमन्त्री शेषनारायण यादव, भौतिक पूर्वाधार विकासमन्त्री सरोज यादवसहित उच्चस्तरीय टोलीले सिन्धुलीको खुर्कोटमा निर्माण भइरहेको मधेश प्रदेशको जीवनदायी परियोजना सुनकोशी-मरिण डाइभर्सन बहुउद्देश्यीय परियोजनाको स्थलगत निरीक्षण गर्नुभयो । उहाँहरूले निर्माणको अवस्थाबारे जानकारी लिन स्थलगत अवलोकन गर्नुभएको हो । अवलोकनका क्रममा मुख्यमन्त्री सिंहले योजनाको बाँकी काम समयभित्र सम्पन्न गर्न ठेकेदार पक्षलाई निर्देशन दिनुभएको छ । सो परियोजनाबाट मधेशको एक लाख २२ हजार हेक्टर जमिनमा सिँचाइ सुविधा पुऱ्याउने सरकारको लक्ष्य छ ।

# उपचारका क्रममा जलेश्वर कारागारका एक कैदीबन्दीको मृत्यु



**आरजे इर्शाद शेख**
**महोत्तरी, १ भदौं**

जलेश्वर कारागारमा पुर्पक्षमा रहेका एक कैदीबन्दीको उपचारको क्रममा मृत्यु भएको छ ।यसरी मृत्यु हुनेमा गौशाला नगरपालिका-५ घर भई हाल बर्दिबास नगरपालिका-१४ शुभम बस्ती टोलमा डेरा गरी बस्ने वर्ष ६० को राजकिशोर साह रहेको जिल्ला कारागार महोत्तरीका प्रमुख अशोककुमार क्षेत्रीले जानकारी दिनुभयो । शनिबार राति अचानक बेहोस भएका साहलाई तत्कालै उपचारका लागि प्रादेशिक अस्पताल जलेश्वर पुऱ्याइएको जानकारी दिनुहुँदै कारागार प्रमुख क्षेत्रीले उपचारकै क्रममा उहाँको मृत्यु भएको जानकारी दिनुभयो । उहाँको शवलाई पोस्टमार्टमका लागि प्रादेशिक अस्पताल जलेश्वरमा राखिएको छ ।

GALAXY SCHOOL/COLLEGE
Bajrang Chowk, Janakpurdham-8
041-524969/9854028024
NEB AFFILIATED
Admission Open ! +2
- SCIENCE
- MANAGEMENT
- EDUCATION
- LAW with Computer
Super 81 Scholarship Scheme

33 Years of Academic Excellence

GYAN GANGA INT'L PUBLIC SCHOOL
Janakpurdham-12,Airport Road,Dhanusha
Contact : 9844027971,9824877627
Class- PG to Class-X

Mr. Hridey Ray
Our Features
* Highly Experienced Teachers' Team.
* Result Oriented Learning Pattern.
* Day Boarders & Healthy Hostel Facility.
* Special Class for Weak Students.
* Robotic & Computer Class Facilities from Grade-1.
* Cricket,Classical Dance,Singing, and others Friday Contest Facilities.
* Monitoring by CC Tv. * Transport Facility.

## जग्गा खरिद गर्दा ध्यान दिनुपर्ने कुराहरु :

- बिक्रेता वास्तविक हो/होईन, निजको हक भोग छ/छैन प्रष्ट होऔं,
- कित्ताको मोठ श्रेष्ता, फोटो र तीनपुस्ते ठिक भए नभएको एकिन गरौं,
- कुनै अड्डा अदालत वा अन्य कुनै कार्यालयमा रोक्का वा झगडा भए/नभएको बारेमा प्रष्ट होऔं,
- जग्गा र नक्सामा बाटो छ/छैन एकिन गरौं,
- जग्गाको हकभोग अनुसार आकार प्रकार मिले/नमिलेको एकिन गरौं,
- जग्गा रैकर वा गुठी के हो प्रष्ट होऔं,
- जग्गामा मोही भए/नभएको प्रष्ट होऔं,
- लालपूर्जा, जमिन र नक्साको क्षेत्रफल मिल्छ /मिल्दैन एकीन गरौं,
- सिमानामा विवाद भए/नभएको साँध संधियारबाट बुझौं,
- नक्सा बमोजिमको जमिनामा चारैतर्फ सिमाना एकीन गर्न रेखांकन गराएर मात्र खरिद विक्रि गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

समाज, विकास, लोकतन्त्र र विधिको शासन प्रति समर्पित राष्ट्रिय दैनिक
www.jaleshwortoday.com
जलेश्वर टुडे
Jaleshwor Today National Daily
एक कदम अगाडि



## सम्पादकीय....................

## कानुन अनुसारको काम गर

*सांसदहरुको मुख्य काम भनेको विभिन्न सङ्घ संस्थाबाट विभिन्न मुलुकबाट प्राप्त सहयोग लिएर गरिने कार्यक्रममा विभिन्न होटेलमा जाने, आफ्नो निर्वाचन क्षेत्र वा जन्म क्षेत्रका विभिन्न जनस्तरमा हुने कार्यक्रममा जाने, मन्त्रालय वा विभाग वा कार्यालयमा वा प्रहरी निकायमा जाने र आफ्नालाई सहयोग पुग्ने गरी कार्य गर्ने इमानदार सांसदको दैनिकी बन्दै आएको देखिन्छ । अलि चट्टु सांसद भने विभिन्न बिचौलिया, व्यापारीको सम्पर्क र सम्बन्ध स्थापित गरेर संसद्मा उनैका लागि उपयुक्त हुने कानुनमा घुमाएर वा सोझै सहयोग पुग्ने गरी बहस गरिरहेको वा मन्त्रालयमा गएर प्रभाव पार्न कोसिस गरिरहेको देखिन्छन् । कूटनीति गर्न सिपालु मन्त्री पनि भइसकेका भने दलमा पनि अलि प्रभाव जमाउन सफल सांसद नीतिगत कुरामा जालझेल गर्दै व्यापार व्यवसायमा घुमाएर साझेदारी लिने र देशलाई दुरगामी असर पारेर भए पनि वरिपरिकालाई घरजम गर्ने/गराउने कार्यमा तल्लीन भएको देखिन्छ ।*

*तीन किसिमका सांसद जनमुखी कानुन बनाएर पारित गर्ने कार्यमा संलग्न भएको पाइँदैन । यस्तो अवस्थामा कानुन राम्रो नबनाउने, बनाएको कानुन पनि जनमुखी नहुने, कानुन बिचौलिया, विदेशी रकमबाट सञ्चालित संस्थाको प्रभावमा बन्ने, यस्तो कानुनको मसौदा सरकारका पदाधिकारीले जानीजानी बनाउने संसद्मा गएपछि अधिकांश सांसदले अज्ञानता वा स्वार्थका कारण त्यसलाई खास ध्यान नदिने अनि ऐनको मुख्य चिज पनि सरकारलाई नै बनाउन प्रत्यायोजित गर्ने गरेर जनहित विरुद्धमा कानुन बन्दै गईरहेको देखिन्छ । अन्तमा सरकारले देश र जनताको हित हुनेगरी कानुन बनाउनुपर्छ र कानुन अनुसारको काम गर्नुपर्छ ।*

# पत्रकारमाथि भएको आक्रमणविरुद्ध धनुषामा पत्रकारहरूद्वारा विरोध तथा धर्ना

**जलेश्वरटुडे समाचारदाता**
**धनुषा, १ भदौं**

पत्रकारमाथि भएको आक्रमणविरुद्ध धनुषामा पत्रकारहरूले विरोध तथा धर्ना दिने भएका छन् ।पत्रकारमाथि आक्रमण भएको पाँच दिनभन्दा बढी हुँदा पनि प्रहरी प्रशासनले कुनै चाँसो नदिँदा सोविरुद्ध नेपाल पत्रकार महासङ्घ धनुषा शाखाको नेतृत्वमा आइतबार बिहान १०:३० बजे महासङ्घ धनुषा र ११ बजे जिल्ला प्रशासन कार्यालय धनुषामा पत्रकारहरूले विरोध प्रदर्शन तथा धर्ना दिने भएका हुन् ।



गत मङ्गलबार पत्रकार महासङ्घ मधेश प्रदेश समितिले गुठी संस्थानबाट प्राप्त जग्गा विवादमा बार एसोसिएसन धनुषाका पदाधिकारी तथा सदस्यहरूले पत्रकारमाथि गरेको आक्रमणविरुद्ध धर्ना दिने तयारी भएको महासङ्घ धनुषाका अध्यक्ष पुरन गुप्ताले जानकारी दिनुभयो । उहाँले भन्नुभयो, "घटना भएको पाँच दिनसम्म पनि प्रहरी प्रशासनले कुनै चाँसो नदेखाएको हुँदा प्रहरी प्रशासन तथा पत्रकारमाथिको आक्रमणविरुद्ध धर्ना दिने तयारी भएको हो । धनुषाका अध्यक्ष गुप्ताका अनुसार यसअघि सो जग्गाबारे महासङ्घ र बारबिच मौखिक रूपमा वार्ता समेत भएको थियो । आगामी दिनमा कसरी हुन्छ सहज रूपमा जाने, तर यसै बिच बारले मौखिक रूपमा कुराकानी हुँदाहुँदै पनि अदालतमा मुद्दा दायर गर्नु, पत्रकारमाथि भौतिक आक्रमण गर्नुले कानुनमाथि नै प्रश्न उठेको छ । जो सधैंभरी कानुनको बाटो देखाउने उ नै कानुन विरोधी क्रियाकला गर्न अग्रसर भएको देखियो । उक्त घटनामा महासङ्घ मधेशका महासचिव शैलेन्द्र महतोको खुट्टा भाँचिएको, पत्रकार दिवाकर रायको टाउकोमा गम्भीर चोट लागेको, अलिन निरालाको आखामा चोट तथा महासङ्घ मधेशका महिला उपाधयक्ष ज्योति झा र पत्रकार विनिता यादवमाथि पनि लैङ्गिक संवेदनशीलता बेवास्ता गर्दै आपत्तिजनक व्यवहार गरिएको पत्रकार महासंघ मधेश प्रदेशका अध्यक्ष श्याम बन्जाराले जानकारी दिनुभयो । उहाँले भन्नुभयो, "जग्गाको विवाद यथावत छ, विचाराधिन अवस्थामा छ । तर ६ जनाभन्दा बढी पत्रकार घाइते हुँदा पनि प्रहरी प्रशासनले कुनै एक्सन लिएको छैन । प्रधानमन्त्रीले पनि सो घटना बारे सार्वजनिक मञ्चबाटै प्रहरी प्रशासनलाई ध्यानाकर्षण गराउनुभएको छ । तर पनि कुनै सुनुवाई नहुँदा धर्ना गर्ने तयारी गरेका छौं ।" जनकपुरधाम उपमहानगरपालिका-४ स्थित प्रादेशिक प्रयोगशालाको अगाडि रहेको महासङ्घ प्रदेश समितिको जग्गामा भएको पत्रकारकार सम्मेलन पश्चात बारका पदाधिकारी सहितको टोली आएर पत्रकारहरूसँग विवाद गर्दै अपशब्द पनि प्रयोग थाल्यो । सो क्रममा वाकिलहरूले पत्रकारमाथि हातपात गर्दा पत्रकारहरू घाइते भएका थिए ।




अनुरोधकर्ता
जनताको तटबन्ध कार्यालय
जलेश्वर,महोत्तरी, मधेश प्रदेश

# आर्थिक वर्ष २०८२/८३ को बजेट प्रस्तुत



**जलेश्वरटुडे समाचारदाता**
**रौतहट, १ भदौं**

रौतहटको फतुवा विजयपुर नगरपालिकाले आर्थिक वर्ष २०८२/८३ का लागि बजेट ल्याएको छ । स्थानीय सरकारले आगामी आवको बजेट असार १० भित्र ल्याएर असार मसान्तसम्ममा पास गरिसक्नुपर्ने कानुनी प्रावधान रहे पनि जनप्रतिनिधिबिच कुरा नमिल्दा फतुवा विजयपुर नगरपालिकाले बजेट ल्याउन सकेको थिएन ।

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको टोली पालिकामा आएर समन्वय गरिदिएपछि शुक्रबार नगरपालिकाले चालु आवका लागि बजेट ल्याउन सफल भएको प्रमुख प्रशासकीय अधिकृत भरतप्रसाद यादवले जानकारी दिनुभयो । नवौं नगर सभाले ५६ करोड ३२ लाख ९५ हजार १५१ रुपियाँको बजेट सार्वजनिक गरेको छ । आव २०८२/८३ का लागि नगरपालिकाले सार्वजनिक गरेको बजेटमा पुँजीगततर्फ २० करोड ६८ लाख ७१ हजार रुपियाँ र चालु खर्चतर्फ ३५ करोड ६४ लाख २४ हजार १५१ रुपियाँ रहेको फतुवा विजयपुर नगरपालिकाका लेखा अधिकृत कामेश्वर सहनीले जानकारी दिनुभयो ।

## तपाईको टुडे

मेष: मित्रतामा फाटो आउने
वृष: अशुभ समाचार प्राप्त हुने
मिथून: पिछडेको साथी मिल्ने
कर्कट: मनमा पछुतो आउने
सिंह: खानपानमा समस्या आउने
कन्या: अनावश्यक खर्चको संभावना
तुला: पढाईमा ध्यान दिनुपर्ने
वृश्चिक: शुभ कार्यको शुरुवात
धनु: लामो यात्राको योग छ
मकर: अनावश्यक चिन्ता
कूम्भ: विचार गरेर बोल्नुहोला
मीन: आम्दानी हुने

## मधेश प्रदेशको गौरव

**श्री सत्यनारायण भगवानको दर्शन गरौं,मनबाञ्छित फल पाऔं ।**



आरती : विहान : ९ र राति ८ बजे
ठेगाना : शरञ्चियाँ कुट्टि र कलबार कुट्टिको विचमा,पु.:९८२७८१४५८८

**श्री देवअंशी लहेरी समाज, जनकपुरधाम–४,धनुषा**

## आवश्यक टेलिफोन नम्बरहरु

### जलेश्वर

| | |
|---|---|
| नेपाल पत्रकार महासंघ महोत्तरी | ५२०५१५ |
| जलेश्वरअस्पताल एम्बुलेन्स | ९७४४००२५२७ |
| नेपाल रेडक्रस सोसाइटी एम्बुलेन्स | ५२०१००, |
| सामुदायिक विकास परि.एम्बुलेन्स | ५२१००५, |
| RCDSC एम्बुलेन्स | ५२०२९८, |
| दसहारा एम्बुलेन्स | ५२०६७७, ९८४४२६०००० |
| बर्दिबास अस्पताल एम्बुलेन्स | ५५००९०, |
| बर्दिवास सेवा समिति एम्बुलेन्स | ५५०५८६, |
| रामगोपालपुर एम्बुलेन्स | ६९०५९३ |
| जिल्ला प्रहरी | ५२०००९ |
| विद्युत | ५२०१६६ |
| वारुण यन्त्र | ५२००९७ |
| जिल्ला प्रशासन | ५२००५५ |

**आवश्यक नम्बरहरुको लागि सम्पर्क गरौं १९७**

### जनकपुर

| | |
|---|---|
| प्रहरी धनुषा | 520099, 100 |
| सुरक्षा गुल्म जनकपुर बैरेक | 0186,526586 |
| सशस्त्र प्रहरी मुजेलिया | 527213, 527800 |
| मुजेलिया प्रहरी चौकी | 520750 |
| ट्राफिक कार्यालय जिरोमाईल | 520366 |
| एम्बुलेन्स पब्लिक वेल फेयर | 9854022474 |
| एम्बुलेन्स रेडक्रस | 102 |
| एम्बुलेन्स (सरोज फाउन्डेशन) | 522806 |
| महाबीर एम्बुलेन्स | 525980 |
| एम्बुलेन्स मेडिकल कलेज | 526091 |
| एम्बुलेन्स केयर मेडिकल सेन्टर | 523864 |
| बरुण यन्त्र जनपा | 520011 |
| जिल्ला जनस्वास्थ्य कार्यालय | 526271 |
| जनकपुर अंचल अस्पताल | 520033 |
| केयर मेडिकल सेन्टर | 523864 |
| धनुषा तथा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | 525800 |
| जानकी हेल्थ केयर एण्ड रिसर्च सेन्टर | 525342 |

## जलेश्वरनाथ मन्दिर पुजाआजा

बिहान ढोका खुल्ने समय : ०५:०० बजे
विहान पुजा आरती : ०५:३० बजे
विहान ढोका बन्द :१२:०० बजे
दिउँसो ढोका खुल्ने समय :०४:०० बजे
सन्ध्या पूजा आरती साँझ :०६:३० बजे
राति ढोका बन्द हुने समय : १२ बजे
(हरेक हप्ताको मंगलबार र शनिबार मन्दिर प्राङ्गणमा दिउँसो भजन किर्त्तन सहित हनुमान आराधना )

## जानकी मन्दिर पुजाआजा

बिहान ढोका खुल्ने समय : ०५:०० बजे
विहान पुजा आरती : ०७:३० बजे
विहान ढोका बन्द :१२:०० बजे
अन्न क्षेत्र : निःशुल्क भोजन
दिउँसो ढोका खुल्ने समय :०४:०० बजे
सन्ध्या पूजा आरती साँझ :०७:३० बजे

# पाकिस्तानमा बाढी : ३४४ जनाको मृत्यु, १५० भन्दा बढी बेपत्ता

**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, १ भदौं**



उत्तरपश्चिम पाकिस्तानमा आएको विनाशकारी बाढीमा कम्तीमा तीन सय ४४ जनाको ज्यान गएको छ भने एक सय ५० जनाभन्दा बढी बेपत्ता भएको प्रान्तीय विपद् व्यवस्थापन एजेन्सीका प्रमुख असफान्डियार खट्टकले आइतबार बताएका छन्।

हजारौं उद्धारकर्मी वर्षा र माटोको भारी चपेटाबीच बाँचेका मानिसहरूलाई खोज्दै, भग्नावशेषमुनि दबिएका घरहरू उत्खनन गरिरहेका छन्। 'बुनेर जिल्लामा मात्रै करिब १५० जना अझै बेपत्ता छन्। उनीहरू भग्नावशेषमुनि फसेका वा बाढीले बगाएको हुन सक्छ', खट्टकले भने। उनका अनुसार साङ्ला जिल्लामा पनि दर्जनौं मानिस बेपत्ता छन्। सबैभन्दा बढी क्षति बुनेरमै भएको छ। त्यहाँ कम्तीमा दुई सय आठ जनाको मृत्यु भएको र करिब १०-१२ गाउँ आंशिक रूपमा पुरिएको प्रान्तीय उद्धार प्रवक्ताले बताए। 'भग्नावशेषमुनि फसेकाहरूको उद्धार कार्य जारी छ', उद्धार एजेन्सीका प्रवक्ता बिलाल अहमद फैजीले भने। उनका अनुसार करिब दुई हजार उद्धारकर्मी नौ जिल्लामा राहत कार्यमा खटिएका छन्। खैबर पख्तुनख्वा प्रान्तको पहाडी जिल्ला बुनेरमा शुक्रबार आरिघोप्टे मनसुनी वर्षा भएपछि आकस्मिक बाढी र पहिरो आएको थियो।

# 'उमेर भयो, अवकाश लेउ' भन्नेलाई शाहरुख खानले के दिए जवाफ ?

**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, १ भदौं**



बलिउडका सुपरस्टार शाहरुख खान उत्कृष्ट अभिनयका लागि मात्र नभई सेन्स अफ ह्यूमरका लागि पनि उत्तिकै परिचित छन्। यही कारणले पनि होला उनलाई ट्रोल गर्नु ट्रेलरहरूलाई निकै गाह्रो हुन्छ। बारम्बार उनले यो कुरा प्रमाणित गरिसकेका छन्।

शनिबार, किंग खानले अचानक एक्समा आस्क एसआरके सेशन गरे। यस क्रममा उनले फ्यानहरूको धेरै प्रश्नहरूको जवाफ दिए। यसैबिच, शाहरुख खानले एक प्रयोगकर्ताले अभिनेतालाई 'अवकाश' कहिले लिन्छौं भनेर सोधेका थिए। प्रयोगकर्ताको यो प्रश्नले अभिनेतालाई अलि चित्त बुझेन। यो प्रश्नमा शाहरुखले प्रयोगकर्ताको मुखमा बुझो लाग्ने गरी जवाफ दिएका छन्। प्रयोगकर्ताले लेखेका थिए, 'भाइ, अब त उमेर भयो अवकाश लिनुहोस्। अरू मानिसहरूलाई आउने मौका दिनुहोस्।' यूजरको कमेन्टमा जवाफ दिँदै शाहरुख खानले लेखेका छन्, 'भाइ तेरो प्रश्नको बालापन जब जान्छ..... त्यतिबेला फेरि केही राम्रो सोध्नु। त्यतिबेलासम्म अस्थायी अवकाशमा बस प्लिज।' अभिनेताको यस उत्तरमा यानहरूले भटाभट लाइक र कमेन्ट गरिरहेका छन्। शाहरुख खान ५८ वर्षका भए। तर यो उमेरमा पनि उनी निकै सक्रियताका साथ काम गरिरहेका छन्। यसैबिच, शाहरुख खानले आफ्नो आगामी फिल्म 'किङ'बारे पनि अपडेट दिएका छन्। किङको छायाङ्कनको प्रगतिको बारेमा सोध्दा उनले रमाइलो तरिकाले जवाफ दिए। 'राम्रो सुटिङ गर्‍यौ... चाँडै नै फेरि सुरु हुनेछ।

# घटबढ हुँदै विदेशी मुद्राको विनिमय दर, कसको कति ?

**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, १ भदौं**



नेपाल राष्ट्र बैंकले आइतबारका लागि विदेशी मुद्राको विनिमयदर निर्धारण गरेको छ। राष्ट्र बैंकका अनुसार अमेरिकी डलर एकको खरिदर १३९ रुपैयाँ ७९ पैसा र बिक्रीदर १४० रुपैयाँ ३९ पैसा कायम भएको छ।

युरोपियन युरो एकको खरिदर १६३ रुपैयाँ ३९ पैसा र बिक्रीदर १६४ रुपैयाँ ०९ पैसा, युके पाउन्ड स्ट्रलिङ एकको खरिदर १८९ रुपैयाँ ५७ पैसा र बिक्रीदर १९० रुपैयाँ ३८ पैसा, स्विस फ्र्याङ्क एकको खरिददर १७३ रुपैयाँ ४७ पैसा र बिक्रीदर १७४ रुपैयाँ २१ पैसा कायम गरिएको छ। अष्ट्रेलियन डलर एकको खरिददर ९१ रुपैयाँ ०५ पैसा र बिक्रीदर ९१ रुपैयाँ ४४ पैसा, क्यानेडियन डलर एकको खरिदर १०१ रुपैयाँ ३७ पैसा र बिक्रीदर १०१ रुपैयाँ ८० पैसा, सिङ्गापुर डलर एकको खरिददर १०९ रुपैयाँ ०१ पैसा र बिक्रीदर १०९ रुपैयाँ ४८ पैसा निर्धारण गरिएको छ।

जापानी येन १० को खरिदर नौ रुपैयाँ ५१ पैसा र बिक्रीदर नौ रुपैयाँ ५५ पैसा, चिनियाँ युआन एकको खरिदर १९ रुपैयाँ ४७ पैसा र बिक्रीदर १९ रुपैयाँ ५६ पैसा, साउदी अरेबियन रियाल एकको खरिददर ३७ रुपैयाँ २६ पैसा र बिक्रीदर ३७ रुपैयाँ ४२ पैसा, कतारी रियाल एकको खरिददर ३८ रुपैयाँ ३५ पैसा र बिक्रीदर ३८ रुपैयाँ ५२ पैसा कायम भएको छ।

# क्यानद्वारा सञ्जय गुरुङलाई अम्पायरिङ र क्रिकेट गतिविधिमा संलग्न हुन रोक


**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, १ भदौं**




नेपाल क्रिकेट संघ (क्यान)ले लुम्बिनी प्रदेश क्रिकेट संघका निवर्तमान अध्यक्ष सञ्जय गुरुङलाई कुनै पनि क्रिकेट गतिविधिमा संलग्न नगराउन निर्देशन दिएको छ।

लुम्बिनी प्रदेश क्रिकेट संघलाई पत्राचार गर्दै क्यानले यस्तो निर्देशन दिएको हो। आइतबार क्यानले लुम्बिनी प्रदेश क्रिकेट संघका कार्यबाहक अध्यक्षलाई सम्बोधन गरेर पत्राचार गर्दै गुरुङलाई अम्पायरिङ लगायत कुनै पनि क्रिकेट गतिविधिमा संलग्न नगराउन भनिएको छ। क्यानको साउन १५ गतेको बैठकले गुरुङलाई क्रिकेट गतिविधिमा संलग्न नगराउने निर्णय गरेको थियो। तर, बैठकको निर्णय आइतबार मात्रै प्रदेश क्रिकेट संघलाई जानकारी गराइएको हो। क्यानका महाप्रबन्धक उत्सव ढुङ्गान्नाले लुम्बिनी क्रिकेट संघलाई पठाएको जानकारीमा भनिएको छ, 'लुम्बिनी प्रदेश क्रिकेट संघका पूर्वअध्यक्ष संजय गुरुङले नेपाल क्रिकेट संघविरुद्ध मुद्दा दायर गर्नुका साथै संघका अध्यक्षविरुद्ध विभिन्न संचार माध्यमहरुमा नकारात्मक टिकाटिप्पणी एवं मिथ्या आरोप लगाएको सम्वन्धमा मिति २०८२ साउन १५ गतेको नेपाल क्रिकेट संघ केन्द्रीय कार्यसमितिको बैठकबाट निजलाई अर्को निर्णय नभएसम्मको लागि अम्पायरिङ लगायत कुनै पनि क्रिकेट गतिविधीहरुमा संलग्न नगराउने निर्णय भएको हुँदा निजलाई अम्पायरिङ लगायत कुनै पनि क्रिकेट गतिविधिहरुमा संलग्न नगराउनुहुन निर्देशानुसार अनुरोध गर्दछु।' क्यानले लुम्बिनीलाई पठाएको पत्रमा रुपन्देही जिल्ला क्रिकेट संघ र नेपाल क्रिकेट अम्पायर्स तथा स्कोरर्स संघलाई बोधार्थ दिइएको छ।



# बाफिया संशोधन विवाद हल गर्ने काइदा

-बैंकर र व्यवसायी छुट्ट्याउने विषय अहिले सार्वजनिक बहसमा छ । खासगरी बैंक तथा वित्तीय संस्थासम्बन्धी (पहिलो संशोधन) विधेयक (बाफिया) संसद्को अर्थ समितिमा छलफलमा रहेका कारण पनि चर्चामा छ। धेरैले यस सम्बन्धमा आ-आफ्ना स्वार्थ तथा फाइदा अनुकूल विषय बटारिरहेका छन् । व्यवसायीहरू त्यही रूपमा प्रस्तुत भएका छन् भने राष्ट्र बैंकका पूर्वकर्मचारी तथा बैंकिङ क्षेत्रका विज्ञका अर्काथरी मत छन्।

त्यसबाहेक सो विषय टुङ्ग्याउने जिम्मेवारीमा सांसद छन्, जसले विषयलाई गहिराइमा बुझ्न सकिरहेका छैनन्। फलतः बाफिया सशोधन विधेयक अलपत्र छ। निचोड वा निष्कर्षमा पुगेर संसद्बाट पास हुन सकेको छैन। बाफिया संशोधन सम्बन्धमा अर्थ समितिमा केहीअघि भएको छलफलमा बोल्दै गभर्नर विश्वनाथ पौडेलले नै सीमित व्यक्ति वा व्यावसायिक घरानामा बैंक तथा वित्तीय संस्थाको कर्जा केन्द्रित भएको बताएका थिए । गभर्नरको सो अभिव्यक्ति नबुझेर आएको होइन, बरु सो अभिव्यक्ति साह्रै वस्तुनिष्ठ समेत हो । उनको सो अभिव्यक्तिसँगै कर्जामाथिको विभेद चर्चाको केन्द्रमा देखिन्छ। खासगरी सीमित व्यक्ति त्यसमाथि पनि उच्च घरानामा धेरैजसो वित्तीय क्षेत्रको कर्जा सीमित हुँदा पनि बैंक र व्यवसायी छुट्ट्याउनुपर्ने आवश्यकता मुखरित भएको हा, तर बैंकर र व्यवसायी छुट्ट्याउँदा त्यसको अल्पकालीन र दीर्घकालीन रूपमा देशलाई कस्तो प्रभाव पार्ला ? ठोस अध्ययन भने हुन जरुरी छ। पछिल्ला वर्षमा आएर नेपालमा बैंक तथा वित्तीय संस्थाहरूको सङ्ख्या घटेको छ तर यसबिच उनीहरूका आकार, फैलावट र पुँजी प्रवाह गर्न सक्ने सामर्थ्य भने बढेको छ। खासगरी नेपाल राष्ट्र बैंकले २०६७ सालपछि बैंक तथा वित्तीय संस्थाहरूलाई मर्जर तथा प्राप्तिको प्रक्रियामा जान प्रोत्साहन गरेबाट बैंकहरूको संख्या घटेको देखिन्छ। बैंकहरूको संख्या घटे पनि उनीहरूका शाखाको सङ्ख्या बढेका छन्। देशका सबै जिल्ला, सबैजसो स्थानीय तहमा बैंकहरूको शाखा पुगिसकेका छन्। बैंकहरूको पुँजी बढेसँगै व्यवसाय विस्तारको खातिर प्रतिस्पर्धा पनि बढिरहेको छ । खासगरी कसरी हुन्छ अधिक नाफा कमाउने सवालमा बैंकहरू एकअर्काबिच प्रतिस्पर्धामा छन् । बाहिरबाट हेर्दा बैंकहरूले सामाजिक उत्तरदायित्व पूरा गरेको जस्तो देखिने गरी समाजका विभिन्न क्षेत्रमा सहयोग गरिरहेका देखिन्छन् । थोरबहुत नगरेका पनि होइनन् तर उनीहरूले सामाजिक उत्तरदायित्वका लागि जति रकम खर्च गरिरहेका छन्, त्योभन्दा ज्यादा प्रचार गर्ने गर्छन्। बैंकहरूले गरिब तथा किसान वर्गमा अत्यन्त न्यून मात्रामा ऋण प्रवाह गरिरहेका छन्। उनीहरू सो वर्गमा लगानी नै गर्न रुचाउँदैनन्। गाउँगाउँबाट निक्षेप सङ्कलन गरेर सहरका धनाढ्य वर्ग, सीमित उद्योगी-व्यवसायी र कर्मचारी वर्गमा उनीहरू ऋण प्रवाह गर्ने कुरामा केन्द्रित देखिन्छन्। जुन कुरा तथ्यसंगत ढंगले नवनियुक्त गर्भनर पौडेलले सार्वजनिक रूपमै व्यक्त गरिसकेका छन्। सीमित वर्गले ऋणमै मोजमस्ती, सुखसयल गरिरहेको छ तर साना-साना उद्यम गरेर, कृषि गरेर केही गर्छु भन्नेहरू ऋणको अवसरबाट वञ्चित देखिन्छन्। त्यसकारण पनि बाफिया २०७३ को संशोधन विधेयकले यस विषयलाई सच्याउनुपर्छ र बैंकिङ कर्जामाथि तल्लो वर्गको पनि पहुँच विस्तार गर्नुपर्छ।

पछिल्लो समय मर्जर तथा प्राप्तिका कारण बलियो बन्दै गएका बैंकहरूले ब्याजदर पनि आफूखुसी निर्धारण गर्न पाएका छन्। त्यसले झन् बैंकहरूको अस्वस्थ प्रतिस्पर्धा र कतिपय अवस्थामा सिन्डिकेटले कमजोर वर्गमा ऋण प्रवाह नहुने जोखिम बढाएको छ । बैंकहरू मोटाउँदै गएका छन् अर्थतन्त्र भने जकडिँदै गएको छ। रोजगारी सिर्जना र उत्पादन बढाउन क्रियाशील मध्यम तथा साना व्यवसायी पलायन हुने अवस्था सिर्जना हुन थालेको छ । धनीहरूलाई बैंकहरूले जति पनि ऋण प्रभाव गरिरहेका छन्, कमसल धितोमा पनि । यसरी सीमित धनीहरूलाई बढीजसो ऋण प्रवाह गरेबाट केही वर्षयता बैंकहरूको खराब कर्जा ह्वात्तै बढेको छ। अहिले धेरैजसो बैंकको खराब कर्जा ५ प्रतिशत हाराहारी पुगिसकेको छ, तल्लो तहमा बैंकहरूले कति पनि ऋण दिँदैनन् र त्यो वर्गप्रति बैंकहरू सहिष्णु छैनन् भन्ने प्रमाण त मिटरब्याज पीडितहरूको बेलाबखतको आन्दोलनले पनि प्रकट गर्छ। बैंकले गरिब, किसान, न्यून आय भएका तथा कागजपत्र जुटाउन नसक्नेलाई विगतमा ऋण प्रवाह गरेका हुन्थे भने हजारौं, लाखौं मान्छे पैसाका लागि मिटर ब्याजीकहाँ पुग्दैनथे।




सीमित वर्गले ऋणमै मोजमस्ती, सुखसयल गरिरहेको छ तर साना–साना उद्यम गरेर, कृषि गरेर केही गर्छु भन्नेहरू ऋणको अवसरबाट वञ्चित देखिन्छन् । त्यसकारण पनि बाफिया २०७३ को संशोधन विधेयकले यस विषयलाई सच्याउनुपर्छ र बैंकिङ कर्जामाथि तल्लो वर्गको पनि पहुँच विस्तार गर्नुपर्छ ।

रिसव गौतम

त्यस कारण ऋण प्रवाह गर्ने मानेमा नेपालका बैंकहरू पूर्वाग्रहित एवं एक हिसाबले असफल छन्। बैंकिङ मान्यताका हिसाबले जति बढी सानो-सानो हिसाबको ऋण प्रवाह गर्न सक्यो, त्यति नै जोखिम कम हुने हो। बैंकहरू सीमित ठुला ग्राहकको पछि लागेपछि उनीहरू नै अहिले धक्का बेहोर्दै छन् र रणनीतिक हिसाबले फरक ढङ्गले सोचिरहेका छन्; बैंकमा अधिक तरलता हुँदाहुँदै ऋण प्रवाह गर्न डराइरहेका छन्। वित्तीय पहुँच घट्दैः खासगरी बैंक तथा वित्तीय संस्थाहरू फस्टाएको चार दशकयता आर्थिक असमानता झन् बढेको छ। बैंकहरूले धनीहरूलाई झन् धनी हुन र उनीहरूको वित्तीय व्यवस्थापन एवं सम्पत्ति सुरक्षामा सघाएका छन्, तर गरिबहरूलाई उनीहरूले पुछेका छैनन्।

अहिले पुँजीको बागडोर सम्हालेका बैंकहरूमा कुन वर्गको हालीमुहाली छ भन्ने तथ्य धेरैले बुझेका छन्। फलस्वरूप पनि बैंकर र व्यवसायी छुट्ट्याउने गरी नयाँ संशोधित विधेयक छलफलमा ल्याइएको छ तर त्यसलाई पनि घेराबन्दीमा पारेर वर्षौंदेखि अलपत्र छाडिएको छ। अहिले बैंक वित्तीय क्षेत्रको कुल ऋणमध्ये करिब चार प्रतिशत ऋणीले ६५ प्रतिशतधन्दा धेरै स्रोत उपयोग गरेका छन्। बाँकी ९६ प्रतिशत ग्राहकको भागमा ३५ प्रतिशत कर्जा परेको छ।

साभार : रातोपाटी ।


अनुरोधकर्ता
बलवा नगरपालिकाको कार्यालय
महोत्तरी, मधेश प्रदेश


पत्रिका/पेपर
कम्प्यूटराईज गराउन सम्झनुहोस।





सम्पर्क -: डिलीप कुमार साह :-
मो.नं.-९८४४०५१४८७, ९७०९०५७०६१ (जनकपुरधाम)
एकचोटी सेवाको मौका अवश्य दिनुहोला




अनुरोधकर्ता
रामगोपालपुर नगरपालिकाको कार्यालय
महोत्तरी, मधेश प्रदेश


प्रकाशक तथा सम्पादक : पवन कुमार साह, सह-सम्पादक : सोनी साह, मुद्रक : राजर्षि जनक अफसेट प्रिंटर्स जनकपुरधाम
प्र.कार्यालय : जलेश्वर -४, सुगा भवानीपट्टि, सम्पर्क कार्यालय : जनकपुरधाम–४ (मुरलीचौक), विज्ञापनको लागि सम्पर्क :९८४४०२७९७१/९८२४८७७६२७
Email:jaleshwortoday@gmail.com,web: www.jaleshwortoday.com, www.facebook.com/JaleshworToday,twitter.com/JaleshworToday